# राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको १४० औं बैठकको निर्णयहरु

**स्थान** : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतको कार्यकक्ष, सिंहदरवार ।
**मिति** : २०७७।११।२१ गते शुक्रवार ।
**समय** : विहान ९:०० बजे ।

नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरवार, काठमाडौं

<u>निर्णय नं. १</u>

१. रसुवा जिल्ला उत्तरगया गाउपालिका वडा नं. ५ तल्लो पहिरे एकिकृत वस्तीको लागि थप जग्गा प्राप्ती सम्बन्धमा सूचना प्रकाशन भए पश्चात उजुरीकर्ता जग्गाधनीहरु मध्ये प्रति आना रु.२५००००।- भएमा मात्र जग्गा दिने व्यहोराको उजुरी सम्बन्धमा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धी कार्यविधि २०७२ को दफा ८ को उपदफा (२) वमोजिमको मुआव्जा निर्धारण समितिले ऐ. कार्यविधि २०७२ को दफा १० वमोजिमका आधारमा मुआब्जा निर्धारण गर्ने भएको र हाल मुआव्जा निर्धारण भै नसकेकोले केही निर्णय गरिरहन नपर्ने ।

२. अन्य कारणहरु उल्लेख गरी प्राप्त उजुरीका सम्बन्धमा देहाय अनुसारको कार्यदलले स्थलगत अवलोकन एवं स्थानीय सरोकारवालाहरुसँग छलफल गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकारणमा प्रतिवेदन पेश गर्ने र सो प्रतिवेदन प्राप्त भएपछि कार्यकारी समितिको बैठकमा पेश गर्ने ।

<u>तपशिल</u>

१) सहसचिव श्री भरत प्रसाद अर्याल..........................................संयोजक
२) उपसचिव श्री विश्वराज मरासिनी.........................................सदस्य
३) भूगर्भविद् श्री लेख प्रसाद भट्ट ............................................सदस्य
४) प्रमुख नापी अधिकृत श्री जनक राज भट्ट ...........................सदस्य सचिव

**सचिव**